आज मिति २०८० साल फागुन २७ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री छविलाल न्यौपाने | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रितेश तामाङ | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुर्जे तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री यादव ठकुरी | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तेज बहादुर पराजुली | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री गृविन्द्र कुमार चौलागाई | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भुजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १ | श्री बालकृष्ण दाहाल | वरिष्ठ लेखा अधिकृत | |
| २ | | | |

मितिः२०८०/११/२७

प्रस्तावहरुः

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।

२. जलविरे प्राथमिक स्वास्थ्य केन्द्रमा १५ शैयाको अस्पताल निर्माण (ठेक्का नं. BRM/NCB-HB-10/2077-078) कार्यको म्याद थप सम्बन्धमा।

३. प्राथमिक स्वास्थ्य केन्द्र जलबिरेमा कार्यरत स्वास्थ्यकर्मीको अतिरिक्त भत्ता सम्बन्धमा ।

४. जिल्ला समन्वय समितिसँगको साझेदारीमा सञ्चालन हुने योजना सम्बन्धमा ।

५. समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि वडा छनौट तथा लागत साझेदारी सम्बन्धमा ।

६. Construction of Administrative building with Quatar and Canteen block(ठेक्का नं. BRM/NCB-B-09/2077-078) कार्यको भेरियशन आदेश नं. १ स्वीकृति सम्बन्धमा ।

७. सार्वजनिक जग्गा पहिचान तथा संरक्षण सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

निर्णयहरुः

१. अघिल्लो बैठकमा गरिएका निर्णयहरु सन्तोषजनक रुपमा कार्यान्वयन भएको पाइयो ।

२. यस बलेफी गाउँकार्यपालिकाको कार्यालय र श्री सोवर्ण निर्माण सेवा, राम्चे-१ सिन्धुपाल्चोक बीच सम्झौता भएको जलविरे प्राथमिक स्वास्थ्य केन्द्रमा १५ शैयाको अस्पताल निर्माण (ठेक्का नं. BRM/NCB-HB-10/2077-078) कार्य मिति २०८०/११/१६ सम्ममा सम्पन्न गर्ने गरि मिति २०७९/११/१६ मा प्रथम पटक म्याद थप भएको, निर्माण व्यवसायीले पोस्ट मार्टम (शव परीक्षण) भवनको जग्गा व्यवस्थापन तथा BOQ मा केही आईटमको भेरियसनको निर्णय हुन समय लागेकाले उक्त समय सीमाभित्र कार्य सम्पन्न हुन नसक्ने भनि २०८१ असार मशान्त सम्म म्याद थपका लागि कार्य तालिका सहित निवेदन पेश गरेको। यस सम्बन्धमा कार्यालयबाट स्थलगत अध्ययन गर्दा निर्माण व्यवसायीको दावी पुष्टी भएको देखिएको र हाल निर्माण कार्यको भौतिक प्रगति ८० प्रतिशत भन्दा बढी रहेको हुँदा बाँकी काम सम्पन्न गर्न निर्माण व्यवसायीको माग वमोजिम २०८१ असार मशान्त सम्म म्याद थप हुन मनासिब देखिएको भनि प्राविधिक शाखा तथा योजना शाखावाट टिप्पणी पेश भएको अवस्थामा उक्त सम्झौताको म्याद २०८१ असार मशान्त सम्म थप गर्ने निर्णय गरियो ।

३. प्राथमिक स्वास्थ्य केन्द्र जलविरेमा कार्यरत स्वास्थ्यकर्मीको अतिरिक्त समय काम गरे बापतको भत्ताका लागि आवश्यक बजेटको व्यवस्थापन गरि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो।

४. जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकको च.नं.१७८, मिति २०८०/११/०३ को पत्रानुसार जिल्ला समन्वय समिति र यस बलेफी गाउँपालिकाको लागत साझेदारीमा सञ्चालन हुने गरी

मिति:२०८०/११/२७

छनौट भएका देहायका योजनाहरुको ४० प्रतिशत लागत रकम गाउँपालिकाले व्यहोर्ने र उक्त योजनाहरु सञ्चालनका गर्न जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकसँग सम्झौता गर्ने निर्णय गरियो।

| क्र.स. | योजनाको नाम | पालिकाबाट व्यहोर्ने रकम (४० %) |
|---|---|---|
| १ | रोक्काटोल खानेपानी वडा नं. ४ | ५५१५६७/- |
| २ | कालापानी अदमारा खानेपानी वडा नं. ५ | ५२१८७८/- |
| ३ | बसेरी भन्ज्याङ्ग डाँडा खानेपानी वडा नं. ६ | ४१११२८/- |
| ४ | च्यानडाँडा खानेपानी वडा नं. ३ | ११०७४६२/- |

५. बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत कृषि विकास निर्देशनालय/ पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बाट मिति २०८०/११/०७ मा प्रकाशित सूचना अनुसार समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि यस बलेफी गाउँपालिकाले कृषि बाली तर्फ आलु खेती वडा नं. १ र पशुपन्छी तथा मत्स्यजन्य उत्पादन तर्फ गाईपालन वडा नं. ६ छनौट गर्ने। साथै, समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यान्वयन कार्यविधि, २०८० बमोजिम लागत साझेदारी गर्ने निर्णय गरियो ।

६. यस बलेफी गाउँकार्यपालिकाको कार्यालय र श्री सि.एम. कन्सट्रक्सन प्रा.लि. जोरपाटी काठमाण्डौं बीच मिति २०७८/०२/११ मा रु.५,९६,७७,५७४।०१ (भ्याट र पि.एस. रकम सहित) मा सम्झौता भएको Construction of Administrative building with Quatar and Canteen block (ठेक्का नं. BRM/NCB-B-09/2077-078) कार्य गर्ने क्रममा सम्झौता बमोजिम केही BOQ items मा परिमाण थप घट हुन गएको, कुनै साईटको अवस्था अनुसार आवश्यक नपरेको र केही बोलपत्र आव्हान गर्दाको वखत नै बढी परिमाण प्रविष्ट भएकोले उक्त ठेक्काका लागि स्वीकृत लागत अनुमान अंक र स्वीकृत BOQ Amount सँग तुलना गर्दा शुरुको सम्झौता रकम भन्दा ५.२७ प्रतिशत घटी (लागत अनुमान भन्दा ४.७३ प्रतिशत घटी) को भेरियशन आदेश नं. १ जारी गर्नुपर्ने देखिएको भनी प्राविधिक शाखाबाट पेश भए बमोजिम भेरियशन आदेश नं. १ जारी गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

७. यस बलेफी गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गा पहिचान गर्नका लागि यस पालिका भित्र वा बाहिर बसोबास गर्ने सरोकारवालाहरु बाट त्यस्ता जग्गाहरुको सम्बन्धमा कार्यालयमा जानकारी गराउन सार्वजनिक सूचना जारी गर्ने तथा सार्वजनिक जग्गा कुनै व्यक्ति वा समुह बाट अनधिकृत कब्जा गरि दुरुपयोग गरिएको पाइएमा कानून बमोजिम कारवाही गर्ने। साथै, सार्वजनिक जग्गाको संरक्षणका लागि त्यस्ता जग्गामा विवरण सहितको सूचना पाटी राख्ने निर्णय गरियो ।

मितिः२०८०/११/२७

८. विविध

क. बलेफी गाउँपालिका वडा नं. २ को सडक तथा गोरेटो बाटो मर्मत सम्भार कार्यका लागी अपुग भएको रकम रु. ३६,३००/- वडा कार्यालयको सिफारिस बमोजिम सोही वडा अन्तर्गतको विविध (राहत उद्धार तथा पुनस्थापना) शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

ख. बलेफी गाउँपालिका वडा नं. ३ मा औद्यौगिक ग्राम स्थापनाका लागि उस्ताद इन्जिनियरिङ कन्सलटेन्सी, तेह्रथुम ले पेश गरेको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय गरियो ।

ग. यस गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुले स्थानीय सेवालाई उपयोगी र आवश्यक पर्ने विषयसँग सम्बन्धित आफ्नो माथिल्लो योग्यताका लागि अध्ययन गर्न चाहेमा गाउँकार्यपालिकाको निर्णय बमोजिम छात्रवृत्ति प्रायोजन गर्न सक्ने निर्णय गरियो ।

घ. बलेफी गाउँपालिका वडा नं. ६ मा रहेको बसेरी खोला ढाँडटोल खानेपानी मर्मत योजनाको बाँकी रकम वडा कार्यालयको सिफारिस बमोजिम मकैको विउ लगायतका कृषि विउविजन खरिद तथा वितरणमा खर्च गर्ने गरि रकमान्तर गर्ने निर्णय गरियो ।

ङ. बलेफी गाउँपालिका वडा नं ५ लाई चालु आ.व. भित्र बालमैत्री वडा घोषणा गर्ने गरी आवश्यक तयारी गर्ने निर्णय गरियो ।